धनगढी उप-महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

धनगढी, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल
फोन नं.:- ०९१-५२०७३३
Email : info@dhangadhimun.gov.np
website : dhangadhimun.gov.np

**प.सं. :- २०८०।०८१**
**च.नं. :-** १६२४

**मिति :- २०८०।०६।३०**

**विषय : विद्यालयमा लिइने अतिरिक्त शुल्क सम्बन्धमा।**

श्री सम्पूर्ण विद्यालयहरु,
धनगढी उप-महानगरपालिका,
धनगढी, कैलाली।

प्रस्तुत विषयमा धनगढी उप-महानगरपालिका भित्र सञ्चालनमा रहेका विद्यालयहरुले विद्यालयमा कक्षा ११ मा भर्ना भएका विद्यार्थीहरुको स्वागत तथा कक्षा १२ को परिक्षा दिने विद्यार्थीहरुको बिदाई जस्ता कार्यक्रम आयोजना गर्ने वहानामा विद्यार्थीहरुबाट अतिरिक्त शुल्क तोकि अनिवार्य गरीएकोले विद्यार्थीहरुलाई अनावश्यक तनाव भएको र अभिभावकलाई पनि थप आर्थिक भार सिर्जना गरेको सन्दर्भमा विद्यालयले बिदाई तथा स्वागत जस्ता कार्यक्रम सञ्चालन गर्ने नै भए विद्यार्थीबाट भर्ना हुँदाका बखत अनिवार्य गरिएको वार्षिक शुल्क, खेलकुद शुल्क, आदि (जसको उपयोग विद्यार्थीका लागि हाल सम्म कुनै विद्यालयले गरेका जानकारीमा छैन) बाट व्यहोर्नु पर्ने वा अन्य विद्यालयको श्रोतबाट व्यहोर्नु पर्ने भनि यस कार्यालयमा पटक-पटक गुनासो आउने गरेकोले विद्यार्थीहरुबाट स्वागत तथा बिदाईको नाममा शुल्क उठाउने कार्य नगर्नु नगराउनु हुन अनुरोध गरिन्छ।

०८०।६।३०
..............................
रामलाल श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

रामलाल श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत
(रा.प.प्रथम श्रेणी)

**बोधार्थ तथा अवगतार्थ :**

श्रीमान नगर प्रमुख ज्यू : जानकारीका लागि सादर अनुरोध।
श्रीमान नगर उपप्रमुख ज्यू : जानकारीका लागि सादर अनुरोध।
श्री सञ्चार तथा सुचना प्रविधि शाखा:- वेभसाइट तथा फेसबुक पेजमा अपलोड गरी सार्वजनिक गरिदिनु हुन।
श्री वडा कार्यालयहरु सबै :- जानकारीका लागि अनुरोध।